हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७,
९८५२८२४९६७, ९८५२८३९३१५,
९८०२३१९१९२, ९८०२३१९१९३

वर्ष : ०१ अंक : २२ पृष्ठ : ४ २०७७ साउन २२ गते बिहिबार (Thursday 6 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## सिरहामा देखियो समुदाय स्तरमै कोरोना




**लहान ।** बुधबार सिरहामा चार थप कोरोना भाइरस( कोभिड-१९)को संक्रमित फेला परेको छ । उनीहरु चारै जना समुदाय स्तरका हुन् ।

मिर्चैया नगरपालिका ५ मा एक जना, सोही नगरपालिकाको मंगलम पोलिक्लिनिकका स्वास्थ्यकर्मी दुई जना र गोलबजार नगरपालिकाको एक पेट्रोल पम्प परिसरमा रहेका लाइन होटलमा एक जनामा कोरोना संक्रमण फेला परेको जिल्ला स्वास्थ्य कार्यालय सिरहाले जनाएको छ ।

कोरोनाको संक्रमित भेटिएपछि मिर्चैया नगरपालिकाले बिहिबारदेखि साउन ३२ गते सम्म लकडाउन गर्ने निर्णय गरेको छ । पेट्रोल पम्प सील गरिएको छ । कोरोना पुष्टि भएसँगै सिरहा प्रशासनले स्वास्थ्य कार्यालयको सहयोगमा सँक्रमितसँगको कन्ट्याक्टट्रेसिङ गर्नेकार्य सुरु गरेको स्वास्थ्य कार्यालयको सुचना केन्द्रका फोकल व्यक्ति अन्देश्वर चौधरीले जानकारी दिए ।

यसअघि गत शनिबार पनि समुदायका दुई जनामा कोरोना संक्रमण पुष्टि भएको थियो । उनीहरुमध्ये सिरहा नगरपालिका -१६ का राजनीतिकर्मी र लहान गरपालिका -८ का गैरसरकारी संस्थाका कर्मचारी हुन् ।

सिरहामा हाल सम्म ४४ सय ६६ जनाको स्वाब संकलन गरिएको छ । जसमा २२० जनाको पीसीआर रिपोर्ट पोजेटिभ र ३८ सय ८० जनाको निगेटिभ आएको छ । ११७ जनाको रिपोर्ट आउन बाँकी रहेको स्वास्थ्य कार्यालयले जनाएको छ । २४९ जनाको स्याम्पल स्वाब डिसक्वालिफाई भएको थियो ।

१९१ जनाको कोरोना संक्रमित उपचारपछि निको भएर घर फर्किसकेका छन् । २९ जना आइसोलेसनमा उपचाररत छन् । संस्थागत क्वारेन्टाइनमा ३८७ जना र होम क्वारेन्टाइनमा ४०६ जना रहेको स्वास्थ्य कार्यालयले जानकारी दिए ।

### गोलबजारमा पेट्रोल पम्प सील

*गोलबजार नगरपालिकाको गणपति बाबा ट्रेडरस (पेट्रोल पम्प) को परिसर भित्र एक ३३ बर्षिय युवकमा कोरोना संक्रमण देखिएपछि सो पेट्रोल पम्प सिल गरिएको हो। कोरोना पुष्टि भएसँगै सिरहा प्रशासनले स्वास्थ्य कार्यालयको सहयोगमा सँक्रमितसँगको कन्ट्याक्ट ट्रेसिङ गर्ने कार्य सुरु गरेको छ। बिगत १४ दिन भित्रमा उक्त लाइन होटलमा प्रत्यक्ष सम्पर्कमा आएका व्यक्तिहरुको ट्रेसिँग सुरु गरिएको हो। सो होटलमा गएका वा सँक्रमितसँग प्रत्यक्ष सम्पर्कमा आएका व्यक्तिहरुले गोलबजार नगरपालिकाको वडा नं. ०४ स्थित रारातवा क्याम्पस, गोलबजारमा संचालित क्वारेन्टाइन सेन्टरमा स्वाब परीक्षण गराउन नगरपालिकाले अनुरोध गरेको छ।*

### मिर्चैयामा १० दिन लकडाउन

*मिर्चैया नगरपालिकाले २२ देखि ३२ साउनसम्म लकडाउन गर्ने निर्णय गरेको छ। नगर क्षेत्रमा कोरोना संक्रमित फेला पर्न थालेपछि नगरपालिकाले लकडाउन घोषणा गरेको हो। नगरपालिकाद्वारा जारी सूचनाअनुसार यस अवधिका अत्यावश्यक सेवाअन्तर्गत दूध, पानी, औषधि पसल, एम्बुलेन्स, फलफूल, ग्यास पसल, पेट्रोल पम्प, राजमार्गमा चल्ने सवारी मात्रै सञ्चालन हुनेछन्। साथै लकडाउन अवधिमा बिहान १० देखि दिउँसो १२ बजेसम्म मात्रै खाद्यान्न सामग्री, कृषि सामाग्री, निर्माण साम्राग्री, बीउ बिजन, मलखाद, मोटर पार्टस, बैंक तथा वित्तीय संस्था खोल्न पाइनेछ। नगरपालिका र वडा कार्यालयहरूले पनि अत्यावश्यकबाहेक अन्य सेवा प्रवाह नगर्ने मेयर श्रवण यादवले बताए।*

## कोरोना संक्रमणबाट एकैदिन ६ जनाको मृत्यु

**काठमाडौं ।** कोरोना भाइरस ( कोभिड-१९) को संक्रमणबाट नेपालमा एकैदिन ६ जनाको मृत्यु भएको छ। पर्सा र मोरङमा दुई-दुई जना तथा काठमाडौं र सप्तरीमा एक जनाको मृत्यु भएको हो । यससँगै नेपालमा कोरोना संक्रमणका कारण मृत्यु हुनेको संख्या ६४ पुगेको छ।

**पर्सामा दुई जना**

कोरोना संक्रमणबाट पर्सामा थप दुई जनाको मृत्यु भएको छ। वीरगञ्ज-१५ भिश्वाका ४६ बर्षीय पुरुष र पोखरिया नगरपालिका-८ कि १८ बर्षीया युवतीको मृत्यु भएको हो। वीरगञ्ज हेल्थकेयर कोभिड अस्पतालमा उपचारका क्रममा ४६ बर्षीय पुरुषको मृत्यु भएको नारायणी अस्पतालका मेडिकल सुपरिठेन्डेन्ट डा. मदन उपाध्यायले जानकारी दिए।

उनी मधुमेहका बिरामी हुन् । साउन १८ गते पैसा तिरेर कोरोना संक्रमण परीक्षण गराएका उनमा संक्रमण पुष्टि भएको थियो।

२० गते स्वास्थ्यमा समस्या भएपछि राति साढे १० बजेतिर अस्पताल भर्ना भएका उनमा खोकी र ज्वरो थियो। अक्सिजन दिँदा पनि स्वास्थ्यमा सुधार भएन र विहान मृत्यु भयो।

यस्तै १९ गते मृत्यु भएकी पोखरिया नगरपालिका-९ कि १८ वर्षीया युवतीमा कोरोना संक्रमण पुष्टि भएको छ । झाडावान्ता भएपछि उनलाई सोमबार नेशनल मेडिकल कलेज लगिएको थियो । तर इमर्जेन्सीमा पुग्नासाथ चिकित्सकले मृत घोषणा गरे।

स्वाब संकलन गरेर परीक्षण गर्दा रिपोर्ट पोजेटिभ आएको नारायणी अस्पतालका मेडिकल सुपरिठेन्डेट उपाध्यायले जानकारी दिए। मृतकको घर पोखरिया-८ जगतपुर हो । उनी बिरामी हजुरआमाको स्याहारका लागि पोखरिया-९ सिमरवारी स्थित मामा घरमा बस्दै आएको इलाका प्रहरी कार्यलय पोखरीयाका प्रहरी निरीक्षक चन्द्र सिंहले जानकारी दिए।

**मोरङमा दुईजनाको मृत्यु**

मोरङमा कोशी अस्पताल, विराटनगरको आइसोलेसन कक्षमा मृत्यु भएका विराटनगरका पुरुष र अस्पताल ल्याउनेक्रममा बाटैमै मृत्यु भएका रंगेली नगरपालिकाका पुरुषमा कोरोना संक्रमण पुष्टि भएको हो। कोशी अस्पताल विराटनगरका मेडिकल सुपरिटेण्डेन्ट डा. चुमनलाल दासका अनुसार बुधबार दिउँसो दुबै जनाको रिपोर्ट पोजेटिभ आएको हो । रंगेली नगरपालिका- ८ दर्बेसाका ४५ वर्षीय पुरुषको भने बुधबार बिहान अस्पताल ल्याउने क्रममा मृत्यु भएको हो । स्वास्थ्यमा समस्या भएपछि उपचारका लागि विराटनगर ल्याउने क्रममा बिहान १०:३० बजे मृत्यु भएको थियो।

कोरोनासँग मिल्ने लक्षण भएकाले स्वाब संकलन गरेर कोशीको प्रयोगशालामा परीक्षण गर्दा संक्रमण पुष्टि भएको छ।

**काठमाडौंमा ६५ वर्षीया महिलाको मृत्यु**

यस्तै बलम्बुस्थित सशस्त्र प्रहरीको अस्पतालमा उपचाररत कोभिड-१९ को संक्रमितको पनि मृत्यु भएको छ । सर्लाही- ६ मलंगवाकी ६५ वर्षीया महिलाको उपचारका क्रममा मृत्यु भएको हो । मनमोहन अस्पतालबाट बलम्बु रिफर भएकी उनलाई कोरोना संक्रमण भएको १९ गते पुष्टि भएको थियो । उनलाई उनलाई निमोनियाका साथै स्क्रब टाइफससमेत भएको थियो।

**एक जनामा कोरोना पुष्टि, दुईको रिपोर्ट नेगेटिभ**

यस्तै सप्तरीमा मृत्यु भएका तीन जनामध्ये एक जनामा कोरोना संक्रमण पुष्टि भएको छ। दुई जनाको रिपोर्ट भने नेगेटिभ आएको छ।

रुपनी गाउँपालिका ५ गढियाका ४५ बर्षीय पुरुषमा कोरोना संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनियाँलाल यादवले जानकारी दिए। करिब डेढ महिनाअघि मलेसियाबाट फर्किएका उनी होम क्वारेन्टिनमा थिए । मंगलबार साँझ ज्वरो आउनुका साथै श्वासप्रश्वासमा कठिनाई भएपछि उपचारका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराज भर्ना गरिएको थियो।

थप उपचारका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान पठाइएको थियो । तर उनको बाटोमै मृत्यु भयो। मृत्युपछि स्वाब संकलन गरी जाँच गर्दा रिपोर्ट पोजेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख यादवले बताए।

लहानको विकासमा मारवाडी र चौधरी परिवारको भूमिका
स्तम्भ : पालिका बहस
पेज ४ मा

## शिक्षक सरुवा खारेज नगरे काँग्रेसले आन्दोलन गर्ने चेतावनी

**लहान ।** लहान नगरपालिकाले सामुदायिक विद्यालयको प्राथमिक शिक्षकहरुको सरुवा गरेको छ। त्यो सरुवा अबिलम्ब खारेज नगरे आफुहरु आन्दोलन गर्ने चेतावनी नेपाली काँग्रेस नगर समितिले दिएका छन्। बुधबार नगरसभापति सुनिलकुमार महतोले एक विज्ञप्ती जारी गर्दै शिक्षक सरुवाप्रति गम्भिर ध्यानाकर्षण भएको जनाएको छ। 'शिक्षा ऐन २०२८ बदर नभएको, शिक्षा नियमावली २०५९ परिवर्तन नभएको तथा स्थानीय तहको २३ बुँदे अधिकारभित्र शिक्षकको सरुवा गर्ने अधिकार नभएको हुँदा उक्त सरुवा खारेज गर्नुपर्छ, विज्ञप्तीमा भनिएको छ,हचुवाको भरमा २/३ महिना अघि सेवानिवृत भइसकेका शिक्षकहरुलाई समेत सरुवा गरिएको छ। नगर प्रहरी मार्फत पत्र शिक्षकको घरघरमा बुझाउने कार्य भएको छ। यसले शिक्षा समितिको अनभिज्ञता र नगरपालिकाको लापरवाही देखाएको छ।' नेपाल शिक्षक संघ नगर समिति लहानले साउन ८ गते नगरपालिकामा ज्ञापन पत्र बुझाएको थियो। त्यसमाथि पनि कुनै किसिमको छलफल नभएको विज्ञप्तीमा जानकारी गराइएको छ।

नगरपालिकाले पारित गरेको आधारभुत तथा माध्यमिक शिक्षा ऐन-२०७५ अनुसार जेठ २८ गते नगरपालिकाबाट शिक्षक सरुवाको निर्णय गरेको थियो। शिक्षकहरुलाई दिएको पत्रमा साउन १४ गते शिक्षा अधिकृतले हस्ताक्षर गरेका छन्।

हार्दिक शुभकामना



सिरहाको लहानबाट "लहान पोस्ट" राष्ट्रिय दैनिक पत्रिका र 'www.lahanpost.com' प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।



रामसुन्दर चौधरी
पूर्व जिल्ला उपसभापति
नेपाली काँग्रेस

# सम्पादकीय

## दुर्घटनाबाट बचौ

नेपाली बृहत शब्दकोशमा उल्लेख गरिए अनुसार कुनै व्यक्ति वा वस्तुको हानि वा क्षति हुने आकस्मिक घट्ना अर्थात अपर्झट आइपरेको कष्टपूर्ण अशुभ घटना दुर्घटना हो । काबु बाहिरको घटना, दुई वा दुई भन्दा बढी पक्षहरुको कमजोरीका कारणले हुने घटना, कल्पना भन्दा दूरको अथवा नसोचेको घटना दुर्घटना हो । अर्थात, कुनैपनि दुर्घटनामा दुई वा दुई भन्दा बढी पक्षको हेलचेक्रयाई (बेवास्ता, उपेक्षा, ध्यान नदिने) वा लापरवाह ( असावधान, होसियारी नभएको) बाट मात्र निम्तिने गर्छ ।

सडक यातायातमात्र नेपालीको लागि विकल्पहिन विकल्प हो । जलमार्गको सम्भावना नभएको, रेल मार्गको विस्तार भै नसकेको र हवाई माग अधिकांश नेपालीको पहुँच बाहिर रहेकाले सडक यातायात मात्र भरपर्दो यात्राको माध्यम हो । तर, त्यही सडक यातायात असुरक्षित बन्दै गईरहेको छ, सडक दुर्घटना र दुर्घटनामा ज्यान गुमाउनेहरुको संख्या हवात्तै बढेको छ । दुर्घटनामा निर्दोष निपोलीहरुले अकाल मृत्युवरण गर्नुपरेको छ । अपांग भएर बाँच्न बाध्य छन् । त्यसैगरी धनको क्षति त्यत्तिकै छ दुर्घटनाले व्यक्ति, परिवार, समाज तथा देशलाई ठुलो क्षति भइरहेको छ ।

दुर्घटना निम्तिनुमा पछिल्लो पटक तराई क्षेत्रमा कृषि प्रयोजनका लागि भन्सार छुट सुविधामा कृषकहरुले खरिद गर्ने ट्र्याक्टर पनि कारक बनेको छ । कृषि प्रयोजनका लागि मात्र भनिएको ट्र्याक्टर कानुन विपरीत गैरकृषि गिट्टीढुङ्गा ढुवानी, घर निर्माण, ग्राभेल र अन्य विकास निर्माणको कार्यमा पनि प्रयोग हुन थालेपछि दुर्घटनामा बृद्धि भएको छ । कृषि सामाग्री ढुवानी र कृषि प्रयोजन बाहेक ट्र्याक्टर अन्य काममा प्रयोग गर्न नपाईने भएपनि बिवाह, मेला, उत्सवमा मान्छे ओसारपसार र गैरकृषि गिट्टीढुङ्गा ढुवानी, घर निर्माण, ग्राभेल र अन्य विकास निर्माणको कार्यमा पनि प्रयोग हुन थालेपछि दुर्घटनामा वृद्धि भएको बताए ।

ट्र्याक्टर अधिकांश १८ वर्षे युवाहरुले चलाएका कारणपनि दुर्घटना निम्तिएको हो । कृषि मजदुर अभाव र परम्परागत हलोगोरुबाट खेतीपाति गर्दै आएका सिरहाका किसानहरुले वैकल्पिक प्रविधिको साधन कृषि छुटमा ट्र्याक्टरबाट खेती गर्ने उपाय अवलम्वन गरेका थिए । खेतीको समयमा कृषि मजदुरको अभाव झेल्दै आएका यहाूका अधिकांश किसानहरुले झण्झटिलो हलो गोरुबाट जमीन जोत्न छाडि ट्र्याक्टरको माध्यमबाट खेती गर्न थालेका थिए ।

तर,कृषि प्रयोजनका लागि उपलव्ध सुविधा उपभोग गर्दै व्यवसास सञ्चालनमा समेत प्रयोग भएपछि उता कृषकहरु भने मारमा परेका छन् । जसका कारण कृषकलाई सहज उपलव्ध ट्र्याक्टर खरिद झण्झटिलो बन्यो । यातायात कार्यालयले ट्र्याक्टर खरिदमा कृषि प्रयोजनका लागि रातो नम्वर प्लेट र व्यवसायिक प्रयोजनका लागि कालो नम्वर प्लेट उपलव्ध गराउँछ । कृषि प्रयोजनका लागि उपलव्ध रातो नम्वर प्लेट ट्र्याक्टर खरिदमा भन्सार शुल्क लाग्दैन भने यातायात कार्यालयले लिदै आएको कुल लागतको ५ प्रतिशत सडक दस्तुर कर समेत कृषकहरुले तिर्नुपर्दैन । तर कालो नम्वर प्लेटको हकमा यी सवै कर तिर्नुपर्ने हुन्छ । कृषि प्रयोजनका लागि खरिद गरिएको ट्र्याक्टर पाूच वर्षसम्म कृषकहरुले बिक्री गर्न पाउदैनन् । तर दुर्घटना निम्तिनुमा ९० प्रतिशत घटन्‌ा मानवीय गल्तीले भएका छन् । २ नम्बर प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैया बाराको तथ्यांकलाई हेर्ने हो भने आव २०७५/२०७६ मा ९ सय १४ सवारी दुर्घटना भए । त्यत्तिखेर ४ सय ९६ जनाको ज्यान गयो । १ हजार २ सय ७६ जना घाइते । दुर्घटना मृत्युदर बर्सेनि २२ प्रतिशतले वृद्धि भएको पाइन्छ ।

सवारी दुर्घटना न्युनिकरण गर्न र तिब्र गति मापन गर्न प्रदेश २ मा ट्राफिक प्रहरीले राडर गनबाट सडकमा चल्ने सवारी साधनको गति मापन गर्न सुरु गऱ्यो । गति मापन र कारवाही चलाएपछि सवारी दुर्घटनामा न्युनिकरण आउूने ट्राफिक प्रहरीको भनाइ छ ।सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ अनुसार कार, जिप, पिक–अप, भ्यान प्रति घण्टा ८० किलोमिटर, बस, मिनिबस, ट्रक, मिनि ट्रक पहाडमा ५०, समतलमा ७० किलोमिटर प्रतिघण्टा, मोटरसाइकल ५० किलोमिटर प्रतिघण्टा, टेम्पो, स्कुटर, पावर–टेलर, ट्याक्टर प्रतिघण्टा ४० किलोमिटर र बाक्लो बस्ती ईलाकामा सबै सवारी साधन ४० किलोमिटर प्रतिघण्टा कुदाउन पाउने व्यवस्था तोकेको छ । तर चालकको लापरवाहीले यो नियम लागू हुन सकेको छैन ।

प्रदेशभरिका जिल्लमा सडक प्रयोगकर्ताहरुलाई बढी दुर्घटना हुने कारण, ट्राफिक नियम सम्बन्धी जनचेतना जगाउून कार्यक्रम सुरु गऱ्यो । विद्यालय र सवारी चालकहरुलाई लक्षित गरी जनचेतना सम्बन्धी कार्यक्रम गर्दै आएको छ । तरपनि दुर्घटना न्युनिकरण हुन सकेको छैन । तसर्थ दुर्घटनाबाट जोगिन आफै सर्तक बनौ ।

# लकडाउन गर्ने कि नगर्ने ?

**रमेश घिमिरे**

कुनै पनि कुराको समस्याको सही पहिचान नहुँदासम्म समाधानका विधिहरु प्रभावकारी हुँदैनन् । कोभिड १९ लगाउने सार्स कोभ टु भनिएको भाइरसका बारेमा धेरै कुरा पत्ता लाग्न बाँकी छ। जति पत्ता लागेको छ, त्यसैलाई आधार मानेर समाधानका उपायहरु खोजिएको छ । नेपालमा लकडाउन गर्ने या नगर्ने विषय मुक्तिनाथ भ्रमण ठीक कि पाथिभरा ठीक भनेजस्तो गरी मत सर्वेक्षण गरिन्छ। बोल्न सक्नेमध्ये बहुमतले जुन तीर्थस्थल ठीक भन्छन्, त्यहीँ जाने निर्णय गरिन्छ।

गत २०७६ चैत ११ मा गरिएको लक डाउन सरकार आफैंले खुकुलो गरेन। व्यापारी वर्गले जबरजस्ती उल्ल न गरेपछि लागू गराउन नसकेको कारण खुकुलो पारेको हो। २०७६ चैत ९ बाट बन्द लामो दुरीका सार्वजनिक यातायात अहिलेसम्म खोलिएको छैन । सरकारलाई आवाज सुनाउन सक्ने हैसियतमा पुगेका मानिसहरुले फेरि एकदम कडा लकडाउन वा कर्फ्यू लागू गर्नुपऱ्यो भनी लविङ गरिरहेका छन्।

सार्स कोभ टु कसरी सर्छ भन्ने एकीन भएको छैन । अहिलेसम्म पत्ता लागेअनुसार संक्रमितले खोक्दा र हाछ्यूँ गर्दा एक मिटरको दुरीमा रहेको मानिसले सास तान्दा सर्न सक्छ। दोस्रो, भाइरस टाँसिएको सतहमा छोएर हातले नाक छुँदा सर्न सक्छ । यसकै आधारमा मानिसहरुबीच एक मिटरको दुरी कायम गर्ने, मास्क लगाउने र साबुन वा अल्कोहलले हात सफा गर्ने भनिएको हो।

मानिसहरुबीचको दुरी र सरसफाइको प्रभावकारी पालना नहुने भएमा लकडाउन आवश्यक पर्छ। लकडाउन भनेको भाइरस नियन्त्रण गर्ने अलग विधि होइन । यो सामाजिक दुरी र सरसफाइलाई प्रभावकारी बनाउन प्रयोग गरिने थप पूरक विधि हो । सामाजिक दुरी र सरसफाइ मात्र पालना गर्दा मानिसहरुको कामकाजमा सामान्य असर परे पनि पूर्ण बाधा पर्दैन । तर, लकडाउनले पूरै काम ठप्प पार्ने हुँदा यसका अनेकौं नकारात्मक प्रभाव पर्छन् । त्यसैले जापान लगायत धेरै देशले एक दिन पनि लकडाउन गरेका छैनन्।

सामाजिक दुरी, सरसफाइ र लकडाउन संक्रमण अन्त्य गर्ने विधि होइनन् । संक्रमणको फैलावटलाई कम गर्ने मात्र हो। एक्कासी संक्रमितको संख्या धेरै भएर अस्पतालको सेवा पुऱ्याउन नसकिने सम्भावित अवस्थालाई आँकलन गरेर लकडाउन गर्ने हो । सामाजिक दुरी र सरसफाइले खासै प्रतिकूल असर नगर्ने हुँदा सधैं लागू गर्न मिल्छ। लकडाउन गरेर अस्पतालमा बेडहरु र स्वास्थ्यकर्मीको संख्या थप्ने हो।

भाइरसले शरीरमा कसरी असर गर्छ भन्ने कुरा पूर्णरुपमा एकीन भएको छैन। कसरी असर गर्छ भन्ने एकीन नभई खोप पत्ता लगाउन सकिंदैन । अँध्यारोमा झटारो हान्ने विधिले पनि खोप पत्ता लाग्ने सम्भावना त हुन्छ। तर, सम्भावना अत्यन्तै न्यून हुन्छ । अहिलेसम्म १० वर्षभन्दा कम अवधिमा कुनै खोप पत्ता लागेको छैन । सार्स कोभ टु आरएनए भाइरस हो र यो म्युटेसन (उत्परिवर्तन) हुन्छ । वैज्ञानिक दृष्टिकोणबाट हेर्दा यसको खोप पत्ता लाग्ने सम्भावना शून्य प्रायः छ। प्रयास गरे असम्भव केही छैन भन्ने मान्यताबाट हेर्दा मात्र खोप पत्ता लाग्न सक्ने देखिन्छ।

नेपालमा २०७६ फागुनदेखि अहिलेसम्म कोभिडको नाममा सरकारको कति अर्ब खर्च भयो ? लकडाउन गरेर जनताको आम्दानी कति खर्ब गुम्यो ? सरकारको राजस्व कति अर्ब गुम्यो ? सरकारको प्रत्यक्ष खर्च मात्र होइन, राजस्व र जनताको आम्दानी घट्नु पनि कोभिडको कूल खर्चकै अंश हो । तर, अस्पतालमा बेड र स्वास्थ्यकर्मीको संख्या कति बढ्यो त ? खर्च सदुपयोग भएको छ ? यसतर्फ पनि चासो दिनुपर्छ।

आरटी पीसीआरले शरीरमा भाइरस रहे नरहेको पत्ता लगाउने हो। तर यसले धेरै नै फल्स रिजल्ट (गल्ती नतिजा) दिने भएकाले यसको प्रभावकारिता पनि आंशिक मात्र हुन्छ। यसले ३० देखि ६० प्रतिशत मात्र सही नतिजा दिन सक्छ भनिन्छ। १०० जना संक्रमितलाई जाँच गर्दा ४० देखि ७० जनासम्मको नतिजा नेगेटिभ आउन सक्छ । फल्स पोजेटिभ आउने संख्या यति धेरै त हुँदैन । तर, फल्स पोजिटिभ पनि आउँछ। हालै अमेरिकामा एक संस्थाका ९० जनामा टेस्ट गर्दा ९० जनामै पोजेटिभ देखियो । शंका लागेर पुनः टेस्ट गर्दा सबै नेगेटिभ देखियो।

भाइरसले गर्ने क्षतिबारे पनि सही अनुमान भएको छैन । चीनको तथ्यांक हेर्दा संक्रमितमध्ये ६ प्रतिशतको मृत्यु भएको छ। कुनै ठाउँ विशेषमा १० प्रतिशत र कुनैमा २ प्रतिशत मृत्यु देखिन्छ । कतिपय सर्वेक्षणले परीक्षण गरेभन्दा कयौं गुणा बढीलाई संक्रमण भई बिना लक्षण निको भइसकेको देखाएको छ । त्यसको आधारमा मृत्युदर १ प्रतिशत, ०.५ प्रतिशत, ०.२ प्रतिशत भन्ने अनुमान पनि छन्।

कोभिड १९ लाई विश्वमहामारी घोषणा गर्नु षडयन्त्र हो भन्ने एक वर्गका चिकित्सक र वैज्ञानिक छन् । उनीहरुले यसको वास्तविक मृत्युदर ०.१ प्रतिशत मात्रै हो भन्छन् । जुन सामान्य मौसमी रुघाखोकी बराबर हो।

परीक्षणका लागि प्रयोग गरिने विभिन्न औषधीको साइड इफेक्ट र मानसिक त्रासले रोग प्रतिरोधात्मक क्षमतामा कमी आएका कारण मृत्यु दर बढी देखिएको उनीहरुको तर्क छ। यसको संक्रमण दर (आर नट) पनि एकीन भएको छैन। एकजना संक्रमितले औसतमा ५ जनालाई सार्छ भनियो सुरु सुरुमा । अहिले २.२ जनामा सार्न सक्छ भनिएको छ।

लकडाउन गर्ने र बारम्बार कोभिडको खबर प्रवाह गर्ने विधिबाट मानिसहरुमा एन्जाइटी र डिप्रेसन एकदमै बढ्ने चिकित्सक र वैज्ञानिकहरुले बताइरहेका छन्। यो पनि कति गुणाले बढ्छ भन्ने एकीन छैन। वुहानमा लक डाउन गर्दा चीन सरकारले सबैको घर घर आवश्यक वस्तु पुऱ्याउने व्यवस्था गरेको थियो। त्यहाँ २५ प्रतिशत मानसिक समस्या बढेको रिपोर्ट आएको थियो। भोक र अभाव हुने अरु देश ठाउँमा यो अझ बढी हुन सक्छ।

भाइरसका विज्ञ भनेका मुटुरोग विशेषज्ञ, फोक्सो रोग विशेषज्ञ र अस्पतालका चिकित्सकहरु होइनन्। यसका विज्ञ भाइरोलोजिस्ट हुन् । मानिसबाट मानिसमा सर्ने रोग भएका कारण यसलाई नियन्त्रण गर्ने कार्यमा भाइरोलोजिष्ट, समाजविद्, अर्थविद्, मनोविद र अस्पताल व्यवस्थापकहरुको राय सल्लाहमा सरकारले निर्णय लिनुपर्छ । यो सुरक्षा बलको राय सल्लाहमा निर्णय गर्ने विषय होइन।

सत्यतथ्य बुझेपछि सर्वसाधारणले आफ्नो धारणा बनाउने हो। कति डराउने र कति सचेत हुने भन्ने विषय सही सूचना लिएर निर्णय गर्ने हो। लकडाउन गर्नुपर्ने वा नपर्ने विषयमा सरकारलाई सुझाव दिनुअघि सर्वसाधारणले यसका फाइदा र नोक्सान केलाउने, जेमा फाइदा बढी देखिन्छ, त्यही सुझाउने हो । हरेक कुराको त्योभन्दा कम नोक्सान गर्ने अरु विकल्प पनि छन् कि भनेर सोच्ने हो । हरेक घटना, तथ्य र सत्यलाई बुझ्दा सबै मानिसको बुझाइ एउटै हुँदैन । तथापि बुझ्न सकिने कुरा बुझेर मात्र धारणा बनाऔं।

सभार : अनलाइनखबर


## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**

# दलित सेनाले बदला लिन्छ : राजेश विद्रोही




**सप्तरी।** सप्तरीको शम्भुनाथ नगरपालिका ३ मा अपहरणपछि हत्या गरिएका त्रिभुवन रामको श्रद्धाञ्जली सभामा युवा नेता राजेश विद्रोहीले हत्या गरिएका दलितहरुलाई राज्यले न्याय नदिए दलितहरुले आ नै दलित सेना गठन गरेर न्याय लिने बताएका छन्।

अहिलेसम्म हत्या गरेका दलितहरुलाई राज्यले न्याय दिन आलटाल गरेको र प्रहरी प्रशासन तथा राजनीतिक दल समेतले हत्या प्रकरणलाई कम्जोर पार्न खोजेको बताए। गैरदलितहरुको मुद्दामा दलितलाई सामान्य मुद्दामा पनि प्रहरी प्रशासनले नांगो हस्तक्षेप गर्ने र दलितमाथि निर्मम हत्या हुँदा पनि सामान्य मुद्दा बनाएर दलिहरुको जीवन र भविष्यसँग खेलबाड गर्ने कुनैपनि राज्य र निकाय दलित समुदायको आ नो हुन नसक्ने र उसले न्याय पनि दिलाउन नसक्ने भएकोले सचेत रहन दलितहरुलाई आह्वान समेत गरे।

गलबार कचनदाहा स्कूलको प्रांगणमा सम्पन्न श्रद्धाञ्जली सभाका प्रमुख अतिथि राष्ट्रियसभाका पूर्वउपाध्यक्ष रामप्रित पासवानले गरेका थिए भने अतिथिहरुमा राजेश विद्रोही, झबर राम, सलिता सदा, भुलाई राम, बलराम सदा,डिकबहादुर बिश्वकर्मा,गंगा सदा,रामनाथ मण्डल,चन्द्रनारायण राम,बिन्दी राम,राजेश राम,दिपेन्द्र पासवान लगायतका थिए।

त्यस्तै कार्यक्रमको अध्यक्षता प्रथमलाल रामले गरेका थिए भने संचालन सियाराम पासवानले गरेका थिए। कार्यक्रमा त्रिभुवन रामको श्रीमती पुरनीदेवी राम, लहानमा हत्या गरिएका रोशन रामको आमाबुबा, डाक्नेश्वरीमा हत्या गरिएका सुकदेव खंगको श्रीमती समेतको उपस्थिति थियो। विभिन्न गाउँहरुबाट सयौंको संख्यामा सहभागीहरु सभामा सहभागी थिए।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
-: जनहितका लागि :-
लहानपोस्ट LAHANPOST DAILY

कोरोना भाइरस रोग (कोभिड–१९)

- घरहरुको बाहिरबाट हावा छिर्न नसक्ने गरी पराल, छ्वाली, ढोका वा यस्तै प्रकारको सामग्रीहरुको प्रयोगबाट घेरा बेरा गर्ने वा गर्न लगाउने ।
- घर बाहिर खुल्ला स्थानमा धेरै समय नबस्ने वा बस्न नलगाउने ।
- पानी तताएर सुद्धिकरण गरी पिउने र अरुलाई पनि पिउन सुझाव दिऔं ।
- बालबालिका, सुत्केरी तथा गर्भवति महिला, अपाङ्गता भएकाहरु, बृद्ध–बृद्धा तथा विरामीहरुको विषेश ख्याल गरौं ।
- बाँझो जग्गामा बोटविरुवा रोपौं ।
- घर आंगन सफा राखौं र सफा राख्न अरुलाई सल्लाह दिऔं ।
- बालविवाह रोकौं छोरीको भविष्य आजै देखि उज्जवल बनाउन सोचौं ।
- आर्थिक कार्यमा महिला सहभागीता बढाऔं ।

दलित जनकल्याण युवा क्लब
लहान–१४ द्वारा जनहितमा जारी

# ओलीले मसँग बदला लिन खोजे : प्रचण्ड
## चार नेता भन्छन्–ओलीसँग पदको झगडा होइन



**काठमाडौं ।** सत्तारुढ नेपाल कम्युनिस्ट पार्टीका प्रचण्ड–माधवकुमार नेपाल पक्षका शीर्ष नेताहरुले पार्टीमा चलिरहेको बहस पदको झगडा नभएको प्रष्टिकरण दिएका छन् ।

पार्टीसम्वद्ध सञ्चारकर्मीसँग बुधबार भएको छलफलमा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, वरिष्ठ नेता झलनाथ खनाल, माधवकुमार नेपाल र प्रवक्ता नारायणकाजी श्रेष्ठले पार्टीमा विचार, नीति, विधि, पद्धतीका लागि संघर्ष भइरहेको बताए । केपी ओली र प्रचण्डको बीचमा पदको लडाई हो भन्ने प्रचार भइरहेको भन्दै चारै नेताले त्यसको खण्डन गरे । पार्टीभित्रको बहसलाई जसरी पदको निम्ति छिनाझपटी हो कि भनिएको छ, त्यो होइन– अध्यक्ष प्रचण्डले भने ।

आफूहरुले नेतृत्व लिन नभई पद त्यागका रुपमा पार्टी एकता गरेको र मसिर ४ मा आलोपालो सरकार चलाउने सहमति पनि छाडेको स्मरण गर्दै नेकपा अध्यक्ष प्रचण्डले भने, 'मैले त उदारतापूर्वक र झमेला पनि हुने देखेर सहमति गरेको हुँ । मलाई त प्रधानमन्त्री हुने हतारो पनि छैन, रुची पनि छैन ।'

**के हो त विवाद ?**

प्रचण्ड–ओली पक्षका शीर्ष नेताहरु नेताहरुले अर्का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीसँग भइरहेको बहस विचार, नीति, विधि, पद्धतीकै भएको बताएका छन् । उनीहरुले पार्टीभित्र भइरहेको बहसलाई यसरी प्रष्ट्याउन खोजेका छन् ।

- मार्क्सवाद, लेनिनवादका आधारमा निर्देशित पार्टी बनाउने कि बुर्जुवा मान्यतालाई पक्रिएर जाने ?
- पार्टीलाई निश्चित राजनीतिक मान्यतामा संगठित गर्ने कि अराजक भीड बनाउने ?
- पार्टीको अधीनमा व्यक्ति हुने कि व्यक्तिको अधीनमा पार्टी ?
- विवेकले सत्ता चलाउने कि सत्ताले विवेक ?
- सामूहिक निर्णय व्यक्तिगत उत्तरदायी कि व्यक्तिगत निर्णय को सामूहिक जिम्मेवारी ?

पार्टीमा अध्यक्ष केपी ओलीसँग यस्तै विषयमा गम्भीर अन्तरसंघर्ष चलिरहेको नेताहरुले बताए । अध्यक्ष प्रचण्डले अघि भने, अहिलेको बहस पार्टीलाई विधि, पद्धती, विचारका आधारमा चलाउने हो कि पार्टी भनेको केही होइन, एकपटक निर्वाचित भएपछि नेता नै सबथोक हो भन्ने भन्ने बहस हो ।'

**प्रचण्डसँग बदला लिन खोजियो**

नेकपा अध्यक्ष प्रचण्डका अनुसार मसिर ४ गते आफूलाई कार्यकारी अध्यक्ष बनाउने सहमतिपछि उनले स्थायी र केन्द्रीय कमिटीको एकरएक बैठकको अध्यक्षता गरे । त्यो बैठकमा जनवादी छलफल भएको थियो र त्यसले लिएका निर्णयहरु पनि मूलभूत रुपमै सही भएको उनको दाबी छ ।

तर त्यो सफलता अर्का अध्यक्ष केपी ओलीका लागि विडम्बना बन्न पुगेको उनले बताए । अब आफूहरु रक्षात्मक हुने भयौं भनेर ओली समूहले भेला गरेर पोलिसी सिफट गरेको भन्दै उनले भने, पूर्व एमालेहरुलाई एक बनाउनुपर्छ । पूर्वमाओवादीमा पनि तान्नुपर्छ र प्रचण्डमाथि आक्रमण गर्नुपर्छ भनियो ।'

त्यही रणनीति अनुसार ओलीले पार्टी सचिवालयको निर्णयसमेत मान्दिन भनेको उनले सुनाए । पार्टीमा बहस भइरहेका बेला आफूसँग बदला दिने गरी निर्णय हुन थालेको भन्दै उनले भने, मैले गरेका निर्णयहरु उल्ट्याउने, मसँग भेट्न गएकै कारण अपमानित गर्नेदेखि पार्टी बैठकमा कुर्सी हटाउने कामसमेत भयो ।'

पार्टी बैठकमा अध्यक्षद्वयको कुर्सी हटाउनु प्रतिकात्मक विषय मात्र नभएको भन्दै उनले भने, त्यो निषेधात्मक सोच र अरुलाई अपमानित गर्दा आनन्द मान्ने प्रवृत्ति थियो ।'

पार्टीका अर्का अध्यक्ष ओलीले पार्टी फुटको पक्षमा लगातार गतिविधि गर्दै आएको उनको आरोप छ । पार्टीमा बहस भइरहेका बेला निर्वाचन आयोगमा नेकपा एमाले दर्ता, जनताको बहुदलीय जनवादको नारा, दलाल र राष्ट्रवादीको नारा दिएर सडकमा भएको नाराबाजी जस्ता गतिविधि त्यसको प्रमाण भएको प्रचण्डले बताए । यद्यपि आफूहरु अझै पनि पार्टी एकतालाई अक्षुण राख्नुपर्छ, ओलीलाई निषेध होइन, रुपान्तरण गर्नुपर्छ भन्नेमै रहेको उनले बताए ।

प्रचण्डले भने, हामीले अहिले पनि एकता अक्षुण राख्न चाहन्छौं तर यो हाम्रो हातमा मात्र रहेन । त्यसैले खराबभन्दा खराब परिस्थितिका लागि पनि तयार रहनुपर्छ ।'

**अध्यक्षले पनि बहुमतको निर्णय मान्नुपर्छ**


छलफलमा वरिष्ठ नेता माधवकुमार नेपालले म राज्य हुँ, म नै पार्टी हुँ भन्ने प्रवृत्ति समस्या भएको बताए । त्यही कारण पार्टी एकता गरेको लामो समयसम्म एकता प्रक्रिया पूरा नभएको र पार्टी कागजमा सीमित भएको उनले बताए ।

ओलीतर्फ संकेत गर्दै उनले म त महाधिवेशनबाट निर्वाचित भएको अध्यक्ष हुँ भन्ने भ्रम नराख्न आग्रह गरे । दुबै पार्टीलाई विघटन गरेर पार्टी एकता गरेको र बहुमतको निर्णय पार्टीको निर्णय हुने विधानमा नै प्रष्ट उल्लेख रहेको नेता नेपालले बताए ।

एकता महाधिवेशन नहुँदासम्म सबै सहमतिबाट हुनुपर्छ भन्ने तर्क सुनिएको भन्दै उनले भने, हामीले फरक मत राख्दा हुन्छ भने अध्यक्षले राख्न हुँदैन भन्ने हुन्न ।' सचिवालयमा बहुमतले निर्णय भए स्थायी कमिटी हुँदै केन्द्रीय कमिटीसम्म जाने र त्यसले गर्ने निर्णयलाई सबैले मान्नुपर्ने उनले बताए । सरकार सञ्चालनमा समेत गम्भीर प्रश्न खडा भएको भन्दै नेता नेपालले भने, पार्टीमा पनि व्यक्तिवाद र अराजकता पैदा भएको छ । त्यसैले यो पदको लडाईं होइन, पार्टीलाई विधि, पद्धतीमा चलाउने कि नचलाउने भन्ने प्रश्नसँग जोडिएको छ ।' वरिष्ठ नेता झलनाथ खनालले पनि अध्यक्ष ओलीले चरम गुटबन्दी गरिरहेको आरोप लगाए । मदन भण्डारी फाउण्डेसनका नाममा वडासम्म कमिटी बनाउने, गुटबन्दी गर्ने र आफूहरुलाई बदनाम गर्ने काम भइरहेको उनले बताए ।

प्रवक्ता नारायणकाजी श्रेष्ठ प्रकाशले ओलीलाई रुपान्तरण गर्ने प्रयास सफल नभएको बताए । रुपान्तरणको प्रयासका रुपमा मंसिर ४ र वैशाख २० को सहमति गरेको भए पनि त्यो कार्यान्वयन नभएको र विश्वासको संकट पैदा भएको उनले भने, त्यसको विकल्पमा अब नकारात्मक प्रवृत्तिका पात्रहरुको भूमिका परिवर्तन गरेर भए पनि अगाडि बढ्नुपर्छ भनेर प्रयत्न भइरहेको छ ।' पार्टीलाई विसर्जनको दिशातिर जाने र सरकार असफल भएर चुनावमै जान नसक्ने अवस्था आउन नदिन पनि नकारात्मक प्रवृत्तिका पात्रहरुको भूमिका परिवर्तन गरेर सकारात्मक प्रवृत्तिलाई स्थापित गर्नुपर्छ भन्ने निष्कर्षमा पुगेको उनले बताए । त्यसका लागि बैठक बस्नुपर्ने भन्दै खनालले भने, 'बैठक बस्न नदिएकाले समस्या भएको छ ।'

सूचना



बर्सेनि साउन महिनाभर काभ्रे कपलेश्वर बोलबम यात्रामा आउनु हुने भक्तजनहरुलाई यसवर्ष विश्वभर फैलिएको कोरोना महामारी र लकडाउनका कारण मन्दिरमा पुजाआजा र दर्शन कार्य बन्द गरिएकोले भक्तजनहरुलाई नआउनहुन आग्रह गर्दछौं । यसवर्ष मन्दिरमा पुजाआजा र दर्शनमा रोक लगाइएको छ ।

काभ्रे कपलेश्वर मन्दिर व्यवस्थापन समिति
लहान नगरपालिका–१६,सिरहा

# लहानको विकासमा मारवाडी र चौधरी परिवारको भूमिका

पालिका बहस

**सोभितलाल चौधरी**



करुणा, दया, सेवा, उदारता, सहयोग, न्याय, धैर्यता एवं विवेकको भावना जागृत गर्नु जनमानसमा सर्वश्रेष्ठ सेवा ठहरिन्छ । निष्ठूरता, संकीर्णता र स्वार्थपना संसारिक प्रतिष्ठालाई प्रदुषित तुल्याउँछ ।

अपवादबाहेक निष्ठुरता, संकीर्णता एवं स्वार्थमा चुर्लुम्म डुबेका उदाहरण कमै पाउने समुदाय कहलाउँछ मारवाडी समुदाय । कर्तव्यनिष्ठा, लगनशीलता, विश्वसनियता एवं सामिप्यता यस समुदायका चरितार्थ प्रस्ट्याइनुमा अतिशोक्ति नहोला । आफ्नै परम्परा, भेषभूषा, रितिरिवाज साथै व्यवहारिक सरलताले परिपुरक बनेको समुदाय आर्थिक, सामाजिक, धार्मिक विचलनबाट बञ्चित भएको पाइन्छ । व्यक्तित्व विकासका लागि डिग्री आवश्यक हुन्छ । तर डिग्री होइन काम चाहिन्छ भन्ने शब्दावली यत्रतत्र सुन्न पाइन्छ । स्वभावत : यी विचारका घोतक देखिन्छ मारवाडीहरु ।

त्यसैले आज थोरैमा धेरै वरदान सावित भएको छ लहान औद्योगिक नगरीको लागि यी समुदाय । प्रसंगवश लहान बजारको विकासपूर्व यी क्षेत्र जंगल रुप रहेको र पछि कृषियोग्य जमीन फडानी गरेर बनाइएको ऐतिहासिक र सामाजिक दस्तावेजहरुबाट अन्नको भण्डारको रुपमा प्रमाणित भएको पाइन्छ । तत्पश्चात समय परिवर्तनसँगै दैनिक उपभोगका सामानहरु सर्वसुलभ पाउन लहान बजारको स्थापना भएको जानकारहरु बताउँछन् । लहान बजारको सुरुवात कहिले र कुन मितिबाट प्रारम्भ भएको यकिन प्रमाण नभेटिएपनि लहान एक पुरानो शहरको रुपमा परिचित छन् । जसको बारे सही खोज र अनुसन्धान गर्नु आवश्यक छ ।

राजनैतिक तथा प्रशासनिक तवरले नेपाल अधिराज्यको जिल्लाहरुको विस्तारको शिलशिलामा वि.सं. २०१८ साल वैशाख १ गतेदेखि सिरहा जिल्ला सप्तरी जिल्लाबाट स्वतन्त्र भई अलग भएको सरकारी दस्तावेज तथा पत्रपत्रिका उल्लेख भएको पाइन्छ । दस्तावेजमा उल्लेख भएअनुसार पूर्व–पश्चिम महेन्द्र राजमार्गमा अवस्थित लहान बजार वि.सं. २०३२ सालमा लहान, गोठटोल र सिंगराही, मटियर्वा गाविसहरु मिलेर नगरपालिकाको पूर्णता पाएको हो ।



बजारको विकास क्रमसँगै स्थापित भएका मारवाडी समुदाय आज लहानको औधोगिक, सामाजिक र शैक्षिक विकासमा पुऱ्याएको योगदान सबैको हेराईमा घाम झैं छर्लङ्ग देखिन्छ । हुन त लहानको चौतर्फी विकासमा अरु समुदायको योगदान नभएको होइन ? तर बजार विकासको कसौतीमा नाप्दा व्यापारिक रुपले अग्रभागमा नै देखिन आउँछ ।

त्यत्तिखेर लहान वरिपरिका बासिन्दाहरु कृषिमा आधारित रहेको हुँदा धानखेती नै जीविकोपार्जनका प्रमुख आयश्रोत थियो । धान कुटानी, पिसानीका लागि चामल मिलको खाँचोलाई पूर्ति गर्ने हेतु केही अग्रज मारवाडीहरुको स्वामित्वमा पशुपति राइस मिल्सको स्थापना गरिएको थियो । यो नै लहानको औद्योगिक विकासको कडीको रुपमा थियो । जसले लहानलाई औद्यौगिकतर्फ अग्रसर गरायो ।

व्यापारिक पृष्ठभूमि बोकेका व्यक्तिहरुमा यस समुदायका ज्वालाप्रसाद मुरारका, उमाप्रसाद मुरारका, रामकुमार शारडाका नाम अग्रपंक्तिमा आउँछन् । यिनै व्यक्तिहरुको कुशल कार्य दक्षताको परिणाम स्वरुप मारवाडी समुदायसँग सम्बन्धित औद्योगिक प्रतिष्ठानहरु, अर्गनाइजेशनहरु, मुलुकभर छरिएर राष्ट्रिय अस्तित्वमा अहम भूमिका खेलेको पाइन्छ । र, औद्योगिक विकासको क्रममा लहान पनि विस्तारै विस्तारै सानातिना उद्योगहरुको सञ्चालनमा फड्को मारेको देखिन्छ ।

व्यापारिक क्षेत्रलाई निरन्तरता प्रदान गरिदै सामाजिक सेवामा समेत पछि नपरेका यस समुदायका उद्यमी, व्यापारिक तथा समाजसेवीहरुद्वारा निर्मित मारवाडी सेवा समिति, अतिथि सदन एवं मठमन्दिर जस्ता अन्य सार्वजनिक कार्य सबैको लागि प्रशंसनीय छन् । जसबाट समग्रमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग मिलेको छ । विगतमा सिरहा, सप्तरी र उदयपुरका बासिन्दाहरु स्वास्थ्योपचारका लागि बाहिर जानुपर्ने अवस्था थियो । लहानमा राउ स्मारक अस्पतालजस्ता स्वास्थ्य संस्था खुलेपछि जोकोही पनि लाभान्वित भएका छन् । दुई दशक अगाडि यस भेगका बासिन्दाहरु उच्च शिक्षाबाट बञ्चित हुनुपर्ने अवस्था रहेको र शिक्षा आर्जन गर्न टाढा जानुपर्ने बाध्यता हुन्थ्यो । जे.एस. मुरारका क्याम्पसको स्थापनाले गर्दा गरीब, निमुखा, साधारण व्यक्तिका छोराछोरीहरु पठन पाठन गर्न अग्रसर भएको सावित हुन्छ ।

त्यतिमात्रै मारवाडी समुदायले लहानको विकासका लागि अस्पताल, क्याम्पस समेत खोलेर शैक्षिक ढोका खोले । त्यसैगरी लहानको विकासमा पनि चौधरी परिवारको योगदान उल्लेखनीय छ । चौधरी परिवारले पनि विधालय, आँखा अस्पतालको स्थापना गरेर लहानको विकासलाई निरन्तरता दिएका छन् ।

मारवाडी समुदायले जस्तै चौधरी परिवारबाट शैक्षिक क्षेत्रमा भए गरेका लगानी, सहयोग र सहानुभूतिले निश्चय नै शैक्षिक उन्नतिमा टेवा पुगेको उदाहरण छन् । पशुपति आदर्श मावि अगाडि बढ्नुमा थारु परिवारको योगदान छ । लहान बजारको विकासमा आजको बदलिदो परिवेशमा प्रतिस्पर्धात्मक चुनौतिसंगै शिक्षातर्फ प्राविधिक धार, निजी विद्यालयहरु, नर्सिङ्ग कलेजहरु खुलेका छन् । जसले लहानलाई शैक्षिक हबको रुपमा विकसित गराउने जमर्को गरेको छ । त्यसैगरि आँखाको क्षेत्रमा दक्षिण एसियामैं लहानको आँखा अस्पताल अग्रणी मानिन्छ । सडक, पूर्वाधारहरु निर्माणका क्रममा छन् । हिजो लहान बजार र अहिलेको लहान बजारमा ठूलो भिन्नता पाइन्छ । तरपनि जुन तीब्रता र लहानको चौतर्फी विकासमा कता कता त्यो उचाई अझैपनि बढ्न सकेको छैन । मुलुक संघीयतामा गएपछि जनताले स्थानीय सरकार पाएको छ । लहानको अझ चौतर्फी विकासमा स्थानीयबासी सहित स्थानीय सरकारले अझ गति लिओस । शुभकामना ।

***(लेखक जेएस मुरारका क्याम्पस लहानका समाजशास्त्र विभागका सह–प्राध्यापक(पिरियड बेसिस) हुन् ।)***

# रुघाखोकीमा घरेलु औषधि

अहिले रुघाखोकी लाग्नसाथ धैरैको मनमा आशंका पैदा हुन्छ, कतै कोरोनाको कारण त होइन । कोरोना भाइरसको संक्रमणपछि देखिने आम लक्षण हो, रुघा, खोकी, ज्वरो । यद्यपि रुघाखोकी अन्य अवस्थामा पनि लाग्न सक्छ । र, सामान्य रुपमै यो निको पनि हुन्छ । रुघाखोकी लागेपछि कतिपय औषधि खोज्नतर्फ लाग्छन् । सामान्य रुघाखोकीमा औषधि आवश्यक हुँदैन । बरु, रुघाखोकीमा पर्याप्त आरम गर्नुपर्छ । पर्याप्त तातो वा मनतातो पानी पिउनुपर्छ । अझ कागती र मह घोलेको पानी पिउदा आरम मिल्छ । तर, कतिपयलाई यस्ता उपचारले भ्याउँदैन । रुघाखोकीको कारण नाकबाट पानी बग्ने, नाक टलिने, टाउको दुख्ने, जीउ दुख्ने, कफ जमेर सास फेर्न गाह्रो हुने, खानेकुरा खान मन नलाग्ने हुन्छ । यसले हालत खराब बनाउँछ । त्यसैले रुघाखोकीमा केही घरेलु ओखती प्रयोग गर्न सकिन्छ, जो तपाईं/हाम्रो भान्सामा सहजै उपलब्ध हुन्छ । खासगरी बेसार, अदुवा, मह, तुलसी रुघाखोकीमा निकै उपयोगी हुन्छ । तुलसीको पात पानीमा उमालेर सेवन गर्दा निकै फाइदा गर्छ । यस्तै तातो पानीमा मह घोलेर पिउँदा पनि रुघाखोकी निको हुन्छ । रुघाखोकीको प्राकृतिक उपचार हो, पानीको वाफ लिनु । पानी तताएर त्यसको वाफ लिनुपर्छ, निकै फाइदा गर्छ ।

**बेसार :** रुघाखोकीबाट राहत पाउनको लागि १ गिलास तातो दुधमा १ चम्चा बेसार मिसाएर पिउनुपर्छ । यसको साथै सुकेको हलेदोलाई पोलेर त्यसको धुँवा सुँघेमा पनि रुखाखोकी ठिक हुन्छ ।

**तुलसी :** तुलसी रुघाखोकीको लागि कुनै औषधिभन्दा कम छैन । तुलसीको चार पाँच पत्ता तुलसी चपाउनाले घाँटीको खसखर र खोकीबाट राहत मिल्छ । यसलाई चिया वा तातोपानीमा उमालेर पनि पिउन सकिन्छ ।

**अदुवा :** अदुवाको रस महमा मिसाएर खाएमा पनि खोकी निको हुन्छ । रुघाखोकीले सताएको छ भने राती सुत्नभन्दा अगाडि दूध वा चियामा अदुवा उमालेर पिउनुपर्छ ।

**अलैंची :** अलैंचीलाई चियामा उमालेर पिउनाले रुघाखोकी ठिक गर्छ ।

**हर्बल चिया :** टाउको दुख्ने, खोकी, ज्वरो, रुघा जस्ता समस्या देखिएमा हर्बल चिया पिउनुपर्छ । यसले शरीरलाई गरम राख्छ र रोगबाट बचाँउछ ।




## सूचना

जिल्ला उद्योग वाणिज्य संघ लहान सिरहाको सम्पूर्ण उद्योगी व्यवसायीहरुमा निम्न अनुसार पालना गरी व्यवसाय संचालन गरी दिन हुन अनुरोध छ ।

१ सरकारले तोकेको कार्यालयबाट व्यापार/उद्योगको दर्ता गरी व्यवसाय सुरु गर्नु पर्नेछ ।

२ आन्तरिक राजश्व कार्यालयबाट अनिवार्य रुपमा PAN प्रमाण–पत्र लिई मात्र व्यवसाय सुरु गर्नु पर्नेछ ।

३ कर पाटी र PAN दर्ता प्रमाण–पत्र सबैले देख्ने स्थानमा अनिवार्य रुपमा टाँस्नु पर्नेछ ।

४ समान खरिद र बिक्री गर्दा अनिवार्य रुपमा बिल, बिजक जारी गर्नु पर्नेछ ।

५ स्थानीय सरकार र उद्योग वाणिज्य संघमा व्यवसाय दर्ता गराई प्रत्येक वर्ष नविकरण गर्नु पर्नेछ ।

६ अन्तशुल्क लाग्ने वस्तु बिक्री वितरण गर्न अन्तशुल्क इजाजत प्रमाण–पत्र लिई अन्तशुल्कको स्टीकर भएको समान (जस्तो सुर्तिजन्य वस्तु आदि) मात्र बेच्नु पर्नेछ ।

७ PAN/VAT मा दर्ता हुने व्यवसायीले खरिद बिक्री खाता र स्टोक मिलाएर राख्नु पर्नेछ ।

८ उपरोक्त नियम पालना गरी व्यवसाय संचालन गर्नु भएमा जरिवानाबाट छुटकारा पाउनु हुनेछ, अन्यथा जरिवाना लाग्नेछ ।

**जिल्ला उद्योग वाणिज्य संघ**
जिल्ला कार्य समिति सिरहा, लहान
(सदस्य : नेपाल उद्योग वाणिज्य महासंघ)

लहानपोस्ट् दैनिकका लागि **प्रकाशक : भरत जर्घामगर, सम्पादक** : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी **कम्प्यूटर ले-आउट : लहानपोस्ट् दैनिक कार्यालय** :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , *e-mail : lahanpost@gmail.com* **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)